# साना सिंचाई विशेष कार्यक्रम संचालन कार्यविधि-२०७४

नगर कार्यपालिकाबाट स्विकृत भएको मिति : २०७४/१०/१७

## कार्यविधि प्रमाणिकरण

प्रमाणिकरण गर्नेको दस्तखत

नामः- बालकृष्ण आचार्य

पदः- नगर सभाका अध्यक्ष

# साना सिंचाई विशेष कार्यक्रम संचालन कार्यविधि-२०७४

## १. पृष्ठभूमि

आय आर्जनकककको माध्यमबाट गरिवि निवारणमा टेवा पु¥याउने उद्देश्य राखी कृषकहरुको वास्तविक आवश्यकतामा आधारित, स्थानिय तहमा कार्यान्वयन हुन सक्ने सामसहिक उपभोगका स–साना सतह सिंचाई प्रणाली संरचनाहरु, वर्षातको पानी जम्मा गर्ने पानी पोखरीहरु, पानी तान्ने विभिन्न साधनहरु - जस्तै – ढिक्की पम्प, मोनोब्लक **(Mono block)** पम्पसेट, पवन पम्म हाइड्रोलिक ¥याम, साइकल पम्प, पर्सियन व्हील, गियर पम्प, डुण स्वीङ्गिङ्ग बास्केट आदि) को निर्माण तथा मर्मत सम्भारको साथै आधुनिक सिंचाई पानी उपयोग प्रविधिहरु (जस्तैः– सर्फेस, सव–सर्फेस, माइक्रो, स्प्रिङ्गलर आदि)को विकास, निर्माण, सञ्चालन एवं मर्मत सम्भार र प्राकृतिक वा अन्य कारणबाट क्षति भएको सिंचाई संरचनाहरुको तत्काल स्थानिय वा अस्थानिय मर्मत गरी कुलोमा पानी सञ्चालन गर्न एक स्कीममा अधिकतम रु. एक लाख पचास हजार सम्म अनुदान सहयोग दिई कृषक वर्गमा राहत पु¥याउने दृष्टिकोणले योसाना सिंचाई विशेष कार्यक्रम कार्यान्वयनमा ल्याईएको छ । खाद्य सुरक्षा एवं आय आर्जनको पृष्ठभूमिमा सञ्चालन गरिने यो कार्यक्रम कृषक सहकारी संस्था/उपभोक्ता समिति वा संस्था /कृषक समूहहरुमा केन्द्रित रहेर मात्र कार्यान्वयन गरिनेछ ।

## २. परिभाषाः-

**यस निर्देशिकामाः-**

२.१ साना सिंचाई विशेष कार्यक्रम भन्नाले पहाडमा बढिमा २५ हेक्टर र तराईमा बढीमा २०० हेक्टर सम्म (सिंचाई निति, २०६०) सिंचाई हुने गरी नेपाल सरकारको तर्फबाट बढीमा रु.१,५०,०००।- सम्मको अनुदान सहयोग र उपभोक्ता समितिबाट स्टिमेटको कम्तिमा १५ प्रतिशतको रकम नगद वा जिन्सी वा श्रमदान वा तिनै थरीको सहयोग योगदान स्वरुप उपलब्ध गराई निर्माण गरिने स-साना अस्थायी बाँध पपैनी, छेकाबार, कुलो सुधार, संरक्षण, ह्युम पाईप, पोलिथिन पाईप, पोखरी निर्माण, पम्प ढिकी पम्प, ट्यांकी ईनार, थोपा सिंचाई, स्प्रिङ्कल आदी र उक्त निर्माणको लागि आवश्यक सामाग्री तथा दक्ष ज्यामीहरुको ज्याला समेत कार्यक्रम अर्न्तगत खर्च गर्न सक्ने गरी तयार गरिने स-साना सिंचाई स्किमलाई जनाउँदछ ।

२.२ परिभाषाः- सहकारी संस्था/उपभोक्ता संस्था वा समिति/कृषक समूह भन्नाले मान्यता प्राप्त हुने गरी स्थापित सहकारी संस्था वा समिति, कृषि विकास कार्यालयमा दर्ता भएका समुह वा विधिवत (सामुहिक वा निजी) फर्म दर्ता गरिएको लाई जनाउँदछ । उक्त संस्थाहरुको सिपफारिसमा परेका साना स्किम लाई समेत समेटिने छ ।

३. आयोजना छनोटका आधारहरुः- आयोजना छनोट गर्नुभन्दा अगाडी देहायका आधारहरुलाई ध्यान दिनुपर्नेछ

३.१ विधिवत दर्ता भएका संस्था वा उक्त संस्थाको सिफारिस प्राप्त योजनालाई प्रथमिकता दिने,

३.२ सतह सिंचाईमा बढी क्षेत्रफल । जनसंख्यालाई मुख्य आधार बनाउने ।

३.३ बढी जनसहभागिता हुने योजनालाई प्रथमिकता दिने तर न्यूनतम जनसहभागीमा १५ प्रतिशत भन्दा कम हुन नहुने ।

३.४ सामाजिक रुपमा पछी परेकालाई प्रथमिकतामा राख्ने ।

३.५ महिला कृषकहरुको सहभागिता हुने गरी छनोट गर्ने ।

३.६ व्यवसायिक खेती तर्फ उन्मुख गराउने कार्यक्रम सञ्चालन भएका स्थानहरुमा बढी केन्द्रित हुने ।

३.७ निर्धारित पकेटको उत्पादन कार्यक्रमलाई टेवा पुग्ने गरी छनोट गर्ने ।

३.८ प्राकृतिक प्रकोपले क्षती पुऱ्याएका आयोजनाहरुलाई प्रथमिकता दिने

३.९ प्रतिकुल वातावरणिय असर न्यून पार्ने किसिमका आयेजनालाई प्रोत्साहित गर्ने ।

३.१० सिंचाई संग सम्बन्धित अन्य निकाय सँगको समन्वयमा सञ्चालन गर्ने ।

३.११ छनोट भएका आयोजनहरु सोही आर्थिक वर्ष भित्र पुरा हुनु पर्नेछ ।

४. संयोजक र निजको दायित्वः-

४.१ साना सिंचाई विशेष कार्यक्रमको लागी नगर कार्य समितिको सम्बन्धित विषयगत समितिका संयोजक र सम्बन्धित न.पा.को कृषि शाखाका प्रमुखलाई सदस्य सचिव र आवश्यकता अनुसार अन्य सदस्य तोक्न सक्नेछ ।

४.२ संयोजकले अन्य विषयविज्ञ (इन्जिनियरिङ लेखा प्रशासन) सहितलाई सहभागी गराई कार्यक्रम छनोट सञ्चालन अनुगमन र मुल्यांङकन गर्नुपर्नेछ ।

४.३ संयोजकले सदस्य सचिवको सहयोगमा योजना सम्बन्धी भए गरेका कार्यहरुको संक्षिप्त अभिलेख राख्नुपर्नेछ ।

४.४ न.पा.को इन्जिनियरिङ शाखाले आयेजनाको लागत इष्टिमेट, सम्झौता र कार्यआदेश तयार गरी सम्बन्धित पक्षलाई कार्य गर्न अनुमति संयोजकको सिफारिसमा दिनुपर्नेछ ।

५. कार्यक्रम सञ्चालन प्रकृयाः-

५.१ सुचना प्रवाह नगरपालिकाले १५-३० दिन अवधि राखी सार्वजनिक सुचना जारी गरी निवेदन पेश गर्न आव्हान गर्नुपर्नेछ ।

५.२ निवेदनः- सेवाग्राही सहकारी/समुह/उपभोक्ता समिति व्यवसायिक फर्मले सम्बन्धित वडा कार्यालयको सिफारिसमा नगरपालिकामा उपभोक्ताको सुचि सहित निवेदन पेश गर्नुपर्नेछ ।

५.३ स्किम आयोजनाको मोटामोटी लागत र निवेदक संख्या समुह वा व्यक्तिले व्यहोर्ने प्रतिशत समेत आफ्नो निवेदनमा खुलाउनु पर्नेछ ।

५.४ छनोट प्रकृयाः- साना सिंचाई कार्यक्रम बारे मागभई आएका निवेदनको नगरपालिकाका प्रमुख वा निजले तोकेको प्रतिनिधि वा विषयगत समितिको संयोजकत्वमा गठीत कार्यन्वयन ईकाइले छनोट गर्नेछ ।

६. लागत ईष्टिमेटः-

६.१ छनोट भएका आयेजनाहरुको इन्जिनियरिङ्ग शाखाबाट आयोजनाको डिटेल इष्टिमेट तयार गर्नुपनेछ ।

६.२ आयोजनाको ईष्टिमेट गर्दा ईष्टिमेट अंकको २.५ प्रतिशत कन्टेन्जेन्सी काट्न सकिने छ र उक्त रकमबाट सुचना प्रवाह, स्टेशनरी सामाग्री अनुगमन मुल्याङ्कन र अन्तिम रिपोर्ट तयार गर्न खर्च गर्न सकिने छ ।

६.३ कार्य सञ्चालनः नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम नगरपालिकाको विषयगत समिति, कृषि शाखा र इन्जिनियरिङ्ग शाखाको अग्रसरतामा पारदर्शिता अपनाई निर्माण कार्य गराउनु पर्नेछ । निर्माण सम्बन्धि प्रकृयागत एवं व्यवस्थापकिय जिम्मेवारी नगर कार्य समितिको हुनेछ ।

६.४ कार्य सम्पन्न प्रतिवेदनः- डिजाईन इष्टिमेट र सम्झौता अनुसार योजनाको कार्य पुर्णरुपले सम्पन्न भई सञ्चालन भएको अवस्थामा तपसिल बमोजिम कार्य सम्पन्न प्रतिवेदन दिनुपर्नेछ ।

क) निर्माण कार्य सुपरिभिजन गर्ने वा फाइनल विल तयार गरी भुक्तानीको लागि पेश गर्ने वा सुपरिभिजन गरी फइनल विल भयार गर्ने प्राविधिकबाट आइटमवाइज कार्य सम्पन्न प्रतिवेदन तयार गरी विषयगत समितिमा पेश गर्ने र विषयगत समितिले अनुगमन निरिक्षण मुल्यांङ्कन पश्चात सिफारिस साथ भुक्तानीको लागि पठाउने ।

ख) सिफारिस साथ प्राप्त कागजातहरुको नगरपालिकाले भुक्तानीको व्यवस्था गर्ने ।

७. भुक्तानीः- आयोजनाको प्रकृति लागत र आवश्यकताको आधारमा आर्थिक कार्यनिती ऐन २०५५ नियमावली २०६४ र सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ बमोजिम भुक्तानी हुनेछ ।